# दुल्लू नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा उपप्रमुख एवं न्यायिक समितिको संयोजक श्री विना कार्की ज्यूले प्रस्तुत गर्नु भएको

## न्यायिक समितिको चालु आर्थिक वर्ष २०८०/०८१ को प्रतिवेदन

दुल्लू नगरपालिका
नगरकार्यापालिकाको कार्यलय, दैलेख
कर्णाली प्रदेश, नेपाल

## दुल्लू नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा उपप्रमुख एवं न्यायिक समितिको संयोजक श्री विना कार्की ज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदन।

यस गरिमाय नगरसभाको १५ औं अधिवेशनका सभा प्रमुख ज्यू, सभा सदस्य ज्यूहरु, प्रमुख प्रसाशकीय अधिकृत ज्यू, लगायत सम्पुर्ण कर्मचारी ज्यूहरु,

दैलेख जिल्ला कर्णाली प्रदेशमा पर्ने एक जिल्ला हो।यो जिल्लाको सदरमुकाम दैलेख बजार हो।दैलेख जिल्ला कर्णाली प्रदेश क्षेत्र अन्तर्गत पुर्वमा जाजरकोट उत्तरमा कालिकोट पश्चिममा अछाम र दक्षिणमा सुर्खेत जिल्लाका विचमा रहेको एक रमणिय मध्य पहाडी जिल्ला हो।संघिय संरचना अनुसार राज्य पूर्नसंरचना हुँदा २०७३ फागुन २७ गते देखि दैलेखमा ११ वटा पालिका कायम भएका छन्।जस मध्ये ४ वटा नगरपालिका (नारायण, दुल्लू, चामुण्डाबिन्द्रासैनी, आठबिस) र ७ वटा गाँउपालिका (भगवतीमाइ, नौमुले, डुङ्गेश्वर, गुराँस, भैरवी, ठाँटीकाँध) रहेका छन्।

बाइसे चौबिसे राज्यकालमा दुल्लू राज्यको राजधानीको रुपमा चर्चित दुल्लू खस राजा नागराजको शितकालिन राजधानी रहेको कुरा ऐतिहासिक वर्णनहरुमा उल्लेख गरिएको पाईन्छ।वि.सं. २०७१ बैशाख २५ गते दुल्लू, नेपा, नाउलेकटुवाल, पादुका, बडलम्जी र छिउडीपुसाकोटलाई समायोजन गरी नगरपालिका घोषणा भई वि.सं २०७१ जेठ ५ गते विधिवतरुपमा स्थापना गरिएको हो।त्यसै राज्य पूर्नसंरचनाको क्रममा वि.सं. २०७३ फागुन २७ गते साविक गमौडी, कालभैरव, गौरी र मालिका गाविसहरुलाई समावेश गरी हालको १३ वटा वडा सहित दुल्लू नगरपालिकाको निर्माण भएको हो।पूर्वमा नारायण नगरपालिका र डुङ्गेश्वर गाँउपालिका पश्चिममा चामुण्डाबिन्द्रासैनी नगरपालिका उत्तरमा भैरवी गाउँपालिका दक्षिणमा गुराँस गाँउपालिका र अछाम जिल्ला रहेको यस दुल्लू नगरपालिकाको क्षेत्रफल १५६.७७ वर्ग किलोमिटर रहेको छ।दुल्लू नगरपालिकाको कूल जनसंख्या ३९,१४३ मध्ये पुरुष १८,१०५ र महिला २१,०३८ रहेका छन् भने ९,१५३ घरधुरी संख्या रहेका छन्।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान धारा २१७ मा व्यवस्था भएअनुसार कानुनबमोजिम आफ्नो क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ। उक्त समितिमा गाउँ सभा वा नगर सभाले आफुमध्ये निर्वाचित गरेका दुई जना सदस्य रहने व्यवस्था छ।स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानिय तहमा न्यायिक समितिको क्षेत्रधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागी संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो।संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ।सोही अनुसार **दुल्लू नगरपालिकाका**

**उपप्रमुख श्री विना कार्की ज्यूको संयोजकत्वमा वडा नं १ का वडा अध्यक्ष श्री तर्क बहादुर खड्का र वडा नं २ का नगर सभा महिला सदस्य श्री सरस्वती भण्डारी रावतको सदस्यता सहित तीन सदस्यीय न्यायिक समिति गठन भएको छ।** यस न्यायिक समितिबाट दुल्लूका जनताको न्याय पहुँचमा सरल र सहज बनाउन मदत पुगेको छ साथै विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्वन गरी न्यायिक प्रक्रिया जितको सुनिश्चता दिएको र न्यायप्रति सन्तुष्टि तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झनझटिलो तथा मेलमिलापमुलक प्रक्रियाबाट सहयोग पुगेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्यायिक समितिको क्षेत्रधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न दुल्लू नगरपालिकाले न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि २०७४ दुल्लू नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० र समेत जारी गरी कार्यन्वयनमा ल्याएको छ। निर्दिष्ट कानुनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ को (१) बमोजिम दुल्लू नगरपालिकाकाको न्यायिक समिति सचिवालय तथा कानुन ईकाइबाट सम्पादन गरिएको कार्यहरुको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने उदेश्यले यो प्रतिवेदन तयार गरीएको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षमा हालसम्म प्राप्त न्यायिक समितिको उपलब्धिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यो आर्थिक वर्षमा न्यायिक समितिका मासिक बैठक १६ वटा र ईजलास १८ वटा गरी जम्मा ३४ वटा बैठक संचालन भई १९ वटा उजुरी माथि छलफल गरी आवश्यक कारवाही गरिएको जसमध्ये ११ वटा उजुरी फछ्र्यौट भइ लागत कट्टा गरिएको छ, २ वटा विवादलाई पुनारावेदनका लागि पठाईएको र ६ वटा विवादहरु हालसम्म सम्पर्कमा नआएको अवस्थामा छन्।
- यो आर्थिक वर्षमा न्यायिक समितिमा विभिन्न प्रकारका विवादहरु दर्ता भएका छन् जसमध्ये गाली बेइज्जती सम्बन्धी ३ वटा, ज्याला मजदुरी सम्बन्धी ४ वटा, जग्गा विवाद सम्बन्धी ४ वटा, घरबहाल सम्बन्धी २ वटा, फोहोरमैला फ्याँकि छिमेकीलाई असर पारेको सम्बन्धी १ वटा, घरेलु हिंसा सम्बन्धी १ वटा, सामान्य छलफल सम्बन्धी ३ वटा र सार्वजनिक सम्पत्ति हिनामिना गरेको सम्बन्धी १ वटा रहेका छन्।
- दुल्लू नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि,२०८० कार्यपालिकाबाट पारित गरी दुल्लू नगरपालिकाको राजपत्रमा प्रकाशित गरिएको छ।

- वडा स्तरमा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुबाट मेलमिलाप गर्नका लागि प्रत्येक वडाबाट ३ जना(२ जना पुरुष र १ जना महिला)गरी १३ वटा वडाबाट जम्मा ३९ जना मेलमिलापकर्ता छनौट गरिसकेको र निकट भविष्यमा मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम संचालन गर्ने योजना रहेको छ।
- न्याय क्षेत्र सम्बन्धी सिकाई तथा अनुभव आदान प्रदान भ्रमणका लागि प्युठान जिल्लाको प्युठान नगरपालिका र बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिकाबाट न्यायिक समितिका पदाधिकारी सहित मेलमिलापकर्ताहरु र अन्य महत्वपुर्ण व्यक्तित्वहरुलाई अतिथी सत्कार गरी एक अर्काका सिकाई तथा अनुभव आदान प्रदान गरिएको थियो।

स्थानिय स्तरमा अदालती सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि यस नगरपालिकामा न्याय सम्पादन गर्दा देहाय समस्याहरु छन्।

- नगरप्रहरी नहुँदा विपक्षलाई उपस्थित गराउन गाह्रो भएको।
- अधिकार क्षेत्रभन्दा बाहिरको निवेदनहरु दर्ता गर्नु पर्ने स्थिति सृजना हुनू।
- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमि रहनु।
- चुनावबाट आएका जनप्रतिनिधि न्यायिक समितिमा हुने भएकाले राजनितिक दबाब आउने।

**न्यायिक समितिका अपेक्षाहरु**

- न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्दिको लागी समय समयमा कानुन सम्वन्धी तालिमहरु संचालन गरिनु पर्ने,
- न्यायिक समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्दि गर्न न्याय तथा कानुन सम्बन्धी तालिम संचालन गराई दिन पर्ने,
- ईजलास संचालन तथा व्यवस्थापन सम्वन्धी प्राविधिक क्षमता अभिवृद्दी गर्न आवश्यक व्यवस्था मिलाईनु पर्ने,

**सभाध्यक्ष महोदय,**

दुल्लू नगरपालिकाका १३ वटै वडाका जनताहरुको न्यायमा पहुँच बढाउन हालसम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना कार्यअनुभव सिकाई प्रयोग र समय सापेक्ष परिमार्जन एवं संसोधन गर्दै कार्य सम्पादन सहजता प्रदान गरिदै लगिनेछ।

**अन्त्यमा,**हालसम्म यस न्यायिक समितिलाई प्रभावकारी ढंगले संचालनमा साथ दिनुहुने, सहजिकरण गरिदिनुहुने नगर प्रमुख, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत साथै न्यायिक समिति सदस्य सचिवलाई आभार व्यक्त गर्न चाहन्छु।

धन्यवाद। ।